# सरुमारानी गाउँपालिकाद्वारा चालु आ.व २०८१/०८२ को प्रथम चौमासिक अवधिसम्म संचालित कार्यक्रमहरू तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक

## सार्वजनिक सुनुवाई तथा समिक्षा कार्यक्रम

### संक्षिप्त प्रतिवेदन




## आयोजक

## सरुमारानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, प्यूठान

## प्रतिवेदक

श्री झुलेनी मिडिया प्रा.लि., प्यूठान

४ पुस २०८१

# विषय सूची

१. परिचय
१.१ पृष्ठभुमी
१.२ कार्यक्मको उद्धेश्य
१.३ कार्यक्रमको संक्षिप्त जानकारी
१.४ कार्यक्रम विवरण
१.५. जवाफदेही वक्ताहरु
१.६.अतिथि तथा संचारकर्मीहरु
२. नतिजाहरु
२.१ वहिर्गमन अभिमत तथा नागरीक प्रतिवेदन पत्रमा सहभागीहरुको विवरण
३. प्रारम्भिक चरण
(क) समन्वयात्मक बैठक
(ख) सहजकर्ताको छनौट तथा समन्वय
(ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन
(घ) बहिर्गमन अभिमत संचालन
(ङ) नागरीक प्रतिवेदन पत्र
(च) सार्वजनिक सुनुवाईको प्रचार प्रसार
४. कार्यान्वयन चरण
५. सेवाग्राहीबाट उठेका सवालहरु
५.१. सहभागीहरुले राखेका जिज्ञासा, प्रतिकृया तथा त्यसको जवाफ
५.२. बर्हिगमन अभिमत तथा नागरिक प्रतिवेदन पत्र संकलनका क्रममा उठेका सवाल र जवाफ
६. सार्वजनिक प्रतिवद्धता
७.कार्यक्रमको सवल पक्षहरु
८. सुधार गर्नुपर्ने पक्षहरु
९. समस्याहरु
१०. निष्कर्ष

# सरुमारानी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय बड्डाडा, प्युठान

## चालु आ.व २०८१/०८२ को पहिलो चौमासिक अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई तथा समिक्षा कार्यक्रमको

## प्रतिवेदन

### १. परिचय

**१.१. कार्यक्रमको परिचयः**

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ। नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ। सुशासन (संचालन तथा व्यवस्थापक) सम्वन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ।

स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्वन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ। सोही कार्यविधि अनुसार सरुमारानी गाउँपालिकाले सार्वजनिक सुनुवाई कार्यविधि २०८० समेत जारी गरेको छ। आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो। **सरुमारानी गाउँपालिका-४ दबड्डाडामा २०८१ मंसिर २० गतेका** दिन सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो।

**१.२. कार्यक्रमको उद्देश्य :**

- ☐ सरुमारानी गाउँपालिका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने।
- ☐ सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने।
- ☐ सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने।
- ☐ स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने।
- ☐ सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने।

**१.३. कार्यक्रमको संक्षिप्त जानकारी**

सार्वजनिक सुनवाई संयोजन गर्नेको नामः **भुलेनी मिडिया प्रा.लि.**

**ठेगानाः प्यूठान नगरपालिका-७ प्यूठान**

**सार्वजनिक सुनुवाई सहजीकरणः: सलिम मिया, शशिधर भण्डारी**

सार्वजनिक सुनुवाईको विषय : **सरुमारानी गाउँपालिका द्वारा चालु आ.व २०८१/०८२ को प्रथम चौमासिक अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता**

कार्यक्रम आयोजक : **सरुमारानी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय बड्डाडा, प्यूठान**

**१.४ कार्यक्रम विवरण**

- ☐ मिति : २० मंसिर २०८१
- ☐ स्थान : **सरुमारानी गाउँपालिका-४ बड्डाडा स्थित सभाहल**
- ☐ समय : **दिनको ११:०० बजेदेखि ४ :०० बजेसम्म (४ घण्टा)**

**१.५. जवाफदेही वक्ताहरु**

- ☐ **सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर वि.क.**
- ☐ **सरुमारानी गाउँपालिकाका उपाध्यक्ष श्री बसन्ता खड्का**
- ☐ **सरुमारानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठक**
- ☐ **सरुमारानी गाउँपालिका-१ का वडा अध्यक्ष श्री नर बहादुर घर्ति**
- ☐ **सरुमारानी गाउँपालिका-२ का वडा अध्यक्ष श्री भानुभक्त भुसाल**
- ☐ **सरुमारानी गाउँपालिका-३ का वडा अध्यक्ष श्री भिम बहादुर मर्साङ्गी**
- ☐ **सरुमारानी गाउँपालिका-४ का वडा अध्यक्ष श्री चिन्त बहादुर सोमै**
- ☐ **सरुमारानी गाउँपालिका-५ का वडा अध्यक्ष श्री लक्ष्मी पल्ली**

CamScanner

☐ सरुमारानी गाउँपालिका-६ का वडा अध्यक्ष श्री तिल वहादुर बुढा
☐ सरुमारानी गाउँपालिका आर्थिक विकास समिती संयोजक: श्री मोहम्त हलिम हलुवाइ
☐ सरुमारनी गाउँपालिका वन वातावरणतथा विपद व्यवस्थापन समिति संयोजक श्री पर्ख सिंह सुनार

शाखा प्रमुखहरु

☐ प्रशासन शाखा प्रमुख श्री लक्षमण आचार्य
☐ शिक्षा शाखा प्रमुख श्री पुष्पलाल शाही
☐ स्वास्थ्य शाखा श्री टेकेन्द्र रायमाझी
☐ प्राविधिक शाखा प्रमुख ईन्जिनीयर श्री सुभाष गौतम
☐ कृषि शाखा प्रमुख श्री इश्वर जि.सी.
☐ रोजगार शाखा प्रमुख श्री तेजेन्द्र भण्डारी
☐ सूचना तथा प्रविधि शाखा श्री शिवराज न्यौपाने
☐ कार्यक्रम संयोजक हेफर परियोजना श्री वेदराज पाण्डे
☐गाउँपालिकाका राजनैतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, सरुमारानी गाउँपालिकामा रहेका अन्य सरकारी कार्यालयहरु

राजनितिकदलको तर्फवाट

☐ नेकपा(एमाले) सरुमारानी सचिव श्री टिकाराम पल्ली
☐ नेपाली कोंग्रेस जिल्ला सदस्य: नेत्रमणी पोखेल

१.६.अतिथि तथा संचारकर्मीहरु

☐ सलिम मिया गोरखापत्र दैनिक
☐ मधुसुदन पोखेल स्पेशफोर के टि.भि.

१.७ सहयोगी तथा साझेदार

☐ ग्रामीण विकास समाजका प्रतिनिधि वेदराज पाण्डे

२. नतिजाहरु

२.१ वहिर्गमन अभिमत तथा नागरीक प्रतिवेदन पत्रमा सहभागीहरुको विवरण

वहिर्गमन अभिमत र नागरिक प्रतिवेदन पत्रमा छनोट भएका ५० जना मध्ये २६ पुरुष र २४ महिलाहरु थिए।

| दलित | | जनजाति | | अन्य | | कुल उपस्थिति संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| ४ | ६ | १६ | १३ | ४ | ७ | २४ | २६ | ५० |

२.२. सार्वजनिक सुनुवाईको उपस्थिति विवरण

| दलित | | जनजाति | | अन्य | | कुल उपस्थिति संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| १४ | ७ | २५ | १५ | १७ | २७ | ५६ | ४९ | १०५ |

(सहभागीहरुको विस्तृत विवरण अनुसूचीमा राखिएको छ।)

संचालन प्रक्रिया

३. प्रारम्भिक चरण

(क) समन्वयात्मक बैठक

सरुमारानी गाउँपालिका द्वारा चालु आ.व २०८१/०८२ को प्रथम चौमासिक अवधिसम्म संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीताको लागि गाउँपालिकाले गरेको निर्णय अनुसार सरुमारानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठकसंग झुलेनी मिडिया प्रा.लि.का प्रतिनिधि सलिम मियाले प्रश्तावना सहित भेटघाट गरी समन्वयात्मक छलफल पश्चात् सार्वजनिक सुनुवाई गर्ने सहमती भएको थियो। २०८१ मंसिर २० गते सरुमारानी गाउँपालिका-४ वड्डाडा स्थित सभाहलमा सार्वजनिक सुनुवाई संचालन गर्ने मिति तय भए पश्चात सार्वजनिक सुनवाई संचालनको लागि आवश्यक तयारी गरिएको थियो।


(ख) सहजकर्ताको छनौट तथा समन्वय

सरुमारानी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय प्यूठानले आयोजना गरेको गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाईलाई गाउँपालिकाको कार्यालयले व्यवस्थापन तथा सुसन्वयका कार्यहरु गरेको थियो। सरुमारानी गाउँपालिकाले

CamScanner

सहजीकरणको सम्पूर्ण जिम्मेवारी भुलेनी मिडिया प्रा.लि.लाई दिइएको थियो । गाउँपालिकाले सार्वजनिक सुनुवाईमा उपस्थितिको लागि २०८१ मसिर १३ गते सार्वजनिक सूचना जारी गरी. गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षहरु एवं सामाजिक सन्जालमा प्रकाशन गरेको थियो ।

**(ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन**



स्थानीय तहले जनतालाई प्रवाह गर्ने वस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ती कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलब्ध गराएका छन्सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली,२०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन- २०७४, सरुमारानी गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि २०८० जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्धारा गरिएको थियो ।

**(घ) बहिर्गमन अभिमत संचालन**

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुवाट अभिमत लिन बहिर्गमन अभिमत वा नागरिक प्रतिवेदन पत्र अनिवार्य संचालन गर्नुपर्ने व्यवस्था रहेको छ । यस सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपूर्व **सरुमारानी गाउँपालिकाले** बहिर्गमन अभिमत ,नागरिक प्रतिवेदन पत्र वा कुनै नागरिकको मत लिने कार्यहरु संचालन गरेको छ ।

**बहिर्गमन अभिमतवाट पाएको नतिजा**

| सि.नं. | सेवाग्राही नागरिकले यस कार्यालयबाट सेवा लिदाको अनुभुती | तपाइलाई उपयुक्त लागेको ठाउँमा रेजा (✓) लगाउने | | |
|---|---|---|---|---|
| १ | तपाईलाई यस कार्यालयमा सेवा लिंदा को संग सम्पर्क गर्नु पर्दछ भन्ने जानकारी दिइयो ? | राम्रोसंग जानकारी दिइयो | ठीकै | राम्रो जानकारी पाइएन |
| | | ३६ | १३ | १ |
| २ | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षाका बारेमा कति बुझे जस्तो लाग्यो ? | राम्रोसंग बुझे जस्तो लाग्यो | ठीकै | खासै बुझेजस्तो लागेन |
| | | ३६ | १४ | ० |
| ३ | सेवा प्रदायक कर्मचारीले तपाईप्रति देखाएको व्यवहार कस्तो लाग्यो ? | मैत्रीपूर्ण लाग्यो | ठीकै | अमर्यादित |
| | | ३४ | १६ | ० |
| ४ | तपाईलाई यस कार्यालयबाट सेवा प्राप्त गर्न आवश्यक सूचना (प्रमाण–कागजात र शुल्क–दस्तुर) का बारेमा कर्मचारीबाट स्पष्ट जानकारी दिइयो ? | स्पष्ट हुने गरी दिइयो | ठीकै | दिइएन |
| | | २९ | २१ | ० |
| ५ | तपाईले कार्यालयमा राख्नुभएको समस्याको समाधान दिइयो ? | सरल तरिकाले समाधान दिइयो | ठीकै | समाधान दिइएन |
| | | २४ | २६ | ० |
| ६ | सेवा दिंदा अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ? | सरल र छिटोछरितो | ठिकै | लामो र झन्झटिलो |
| | | १७ | २१ | २ |
| | जम्मा | | | |

**ङ) नागरीक प्रतिवेदन पत्र**

नागरीक प्रतिवेदन फारामको प्रयोग गरी माण्डवी गाउँपालिकाका ५० जना सेवाग्राहीबाट सूचना संकलन गरिएको थियो । नागरीक प्रतिवेदनमा दलित, जनजाति, बालबालिका, महिला एवम् पिछडिएका वर्गको प्रतिनिधित्व भएको थियो । संकलित सूचनाको विश्लेषणलाई सार्वजनिकसुनुवाईमा प्रस्तुत गरिएको थियो । नागरीक प्रतिवेदनमा भाग लिएका सम्पूर्ण उत्तरदातालाई समेत कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो ।

| सि.नं. | सेवाको नाम | सोधिएको प्रश्न | सेवाको मूल्याङ्कन संख्यामा | | |
|---|---|---|---|---|---|
| १ | सेवाको सन्तुष्टि | तपाईले सरुमारानी गाउँपालिका/स्थानीय सरकारी कार्यालयबाट दिने सेवाबाट कतिको सन्तुष्टि हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ३३ | १४ | ३ |
| | | सेवालिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ३१ | १९ | ० |
| | | सेवालिन जाँदा जनप्रतिनिधिको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | २६ | २१ | ३ |
| २ | सेवाको नियमितता | नागरिक वडापत्रमा उल्लेख भएअनुसार सेवा लिंदा लागेको समयप्रति तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | संन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | २२ | २८ | ० |
| | | तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम दिनु पर्‍यो ? | तिरेको छैन | एकदमै कम | धेरैतिरेको |
| | | | ५० | ० | ० |
| | | कार्यालयले सेवाग्राही/नागरिकका समस्या समाधान गर्न औषत कति दिन लगाउने गरेको पाउनु भयो ? | १ दिन | २ दिन | धेरैदिन |
| | | | ४६ | ४ | ० |
| ३ | सेवाप्रतिको जनविश्वास | कार्यालयले दिने सेवा प्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | ३३ | १७ | ० |
| | | कार्यालयमा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास गर्नुहुन्छ ? | धेरै | ठीकै | विश्वास छैन |
| | | | ३३ | १७ | ० |
| | | यस कार्यालयले विपन्नका लागि छुट्याएको सेवा उनीहरुले प्रयोग गरेको जानकारी छ ? | छ | छैन | केही जानकारी छ |
| | | | १३ | १७ | २० |
| ४ | सेवाको गुणस्तर | सेवा लिंदा कार्यलयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | कम सन्तुष्ट | असन्तुष्ट |
| | | | ४० | १० | ० |
| | | तपाई कार्यालयमा सेवा लिन जाँदा कस्को सहयोग लिनुहुन्छ ? | आफै | स्थानीय अगुवा | मध्यस्थकर्ता |
| | | | ५० | ० | ० |
| | | तपाईलाई कार्यालयबाट एउटा काम लिन कति पटक धाउनु पर्‍यो ? | १ पटक | २ पटक | २ भन्दा बढीपटक |
| | | | ४८ | २ | ० |
| ५ | सेवा सम्बन्धी जानकारी | कार्यालयमा राखिएको नागरिक वडापत्रका बारेमा तपाईलाई जानकारी छ ? | छ | केही जानकारी छ | कुनै जानकारी छैन |
| | | | ७ | २५ | १८ |
| | | स्थानीय स्तरमा सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा विपन्न वर्गको उपस्थिती कति प्रतिशत सम्म हुने गरेको छ ? | २० प्रतिशत जति | ५० प्रतिशत भन्दामाथि | थाहा छैन |
| | | | ३ | १० | ३७ |
| ६ | नागरिक वडापत्र/उजुरी पेटिका / गुनासो सुनुवाइ सम्वन्धमा | सेवा ग्राहीले नागरिक वडापत्र कत्तिको प्रयोग गर्छन ? | धेरै | कम | थाहा छैन |
| | | | ११ | १६ | २३ |
| | | सेवा प्रदायक कार्यालयले नागरिक वडापत्रको अनुशरण कत्तिको गरेका छन् ? | धेरै | कम | अतिकम |
| | | | १३ | २१ | १६ |
| | | स्थानीय सेवाग्राहीले उजुरी पेटिका कत्तिको प्रयोग उजुरी गर्छन ? | धेरै | ठिकै | थाहा छैन |
| | | | ७ | १४ | २९ |
| | | सेवाग्राही नागरिकको गुनासो सुनुवाई | धेरै | ठिकै | थाहा छैन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | भएको पाउनु भएको छ ? | सुनुवाई हुन्छ | | |
| | | | ७. | १४ | २९ |
| ७ | सिफारिस सम्बन्धमा | तपाईले सिफारिसका चाहिने आवश्यक कागजात बारेमा स्पष्ट जानकारी पाउनुभयो ? | पाइयो | ठीकै पाइयो | पाइएन |
| | | | ४३ | ७ | ० |
| | | कुनै सिफारिसका लागि लाग्ने दस्तुर बाहेक थप रकम दिनु पर्‍यो ? | दिनु पर्‍यो | थोरै पर्‍यो | दिनु परेन |
| | | | ० | ० | ५० |
| | | कार्यालयबाट सिफारिस लिदा कसको सहयोग लिनुभयो ? | आफैं | मध्यस्थकता | कर्मचारीहरुको सहयोग नेता /स्थानीय अगुवा( |
| | | | ५० | ० | ० |
| | | राजस्व, शुल्क, दस्तुर को-को संग उठाउने गरिएको छ ? | सबैसँग | सीमित व्यक्तिसँग | धेरै वक्यौता उठ्न बाँकी छ |
| | | | ५० | ० | ० |
| ८ | सरसफाई तथा पूर्वाधार सम्बन्धमा | तपाइको वडामा सरसफाइ तथा जनस्वास्थ्य सम्वन्धि कार्यक्रम कत्तिको प्रभावकारी छ ? | राम्रो छ | ठीकै छ | प्रभावकारी छैन |
| | | | ३१ | १९ | ० |
| | | तपाइको वडामा सञ्चालन भएका विकास निर्माणका योजना कत्तिको गुणस्तरीय बनेको छ ? | गुणस्तरीय छन् | ठिकै छन् | गुणस्तरीय छैन् |
| | | | २७ | १९ | ४ |
| | | योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनुभयो ? | सजिलै पाइयो | आंशिक पाइयो | सोधेपनि पाइएन |
| | | | ५० | ० | ० |
| | | योजनाको विल भुक्तानी दिने प्रक्रिया कस्तो छ ? | सहज | ठीकै | जटिल |
| | | | ४२ | ७ | १ |
| | | योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई थप रकम दिनुपर्‍यो ? | दिनु परेन | मागेरै लिए | रकम नदिएका अफ्ठेरो पारे |
| | | | ५० | ० | ० |
| | | स्थानीय कार्यालयहरुबाट विकास निर्माण सम्वन्धि जानकारी माग्दा पाउनु भयो ? | सजिलै पाइयो | आंशिक पाइयो | सोधेपनि पाइएन |
| | | | ५० | ० | ० |
| | | योजना सञ्चालन गर्दा गाउँपालिका तथा वडा कार्यालयबाट कत्तिको सहयोग पाउनु भयो ? | धेरै | ठीकै | निरुत्साहित गरियो |
| | | | ४२ | ८ | ० |
| ९ | पारदर्शिता सम्वन्धमा | तपाईको गाउँपालिकामा यो वर्ष कति वटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ? | १ वटा | २ वटा | थाहा छैन |
| | | | ११ | ० | ३९ |
| | | यदी भएको भए, सार्वजनिक कार्यक्रममा गरिएका प्रतिवद्धता कत्तिको कार्यान्वयन भएका छन् ? | धेरै | ठीकै | थाहा छैन् |
| | | | १७ | २० | १३ |
| | | सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्र बनेको छ ? | संयन्त्र बनेको छ | संयन्त्र बनेको छैन | थाहा छैन |
| | | | १० | ८ | ३२ |
| | | सरुमारानी गाउँपालिकाको वार्षिक निति तथा कार्यक्रम बारेमा जानकारी पाउनु भएको छ ? | धेरै जानकारी पाएको छु | केही जानकारी पाएको छु | कुनै ज़ानकारी छैन् |
| | | | १७ | २० | १३ |

CamScanner

**(च) सार्वजनिक सुनुवाईको प्रचार प्रसार**

**सरुमारानी गाउँपालिकाद्वारा** चालु आ.व २०८१/०८२ को प्रथम चौमासिक अवधिमा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइमा नागरिकहरुको सहभागीता अभिवृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले गाउँपालिकाको फेशबुक पेज मार्फत ७ दिन अगावैबाट सार्वजनिक सुनुवाई संचालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रशारण गरिएको थियो । **सरुमारानी गाउँपालिकाद्वारा** कार्यालय परिसर कार्यक्रम हुने स्थल, गाउँपालिकाको सूचना पार्टीमा प्रिन्ट गरी टाँस गरिएको थियो ।

**४. कार्यान्वयन चरण**

**सरुमारानी गाउँपालिकाको** आयोजनामा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति संगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई यथा स्थानमा आशन ग्रहण गराइएको थियो । झुलेनी मिडिया प्रा.लि.को तर्फबाट सहजकर्ता श्री शशिधर भण्डारीले सार्वजनिक सुनुवाईको वारेमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गर्नु भएको थियो । त्यसपछि सार्वजनिक सुनुवाई संचालन गर्नुको उद्देश्य तथा प्रवाह भएको कार्यका वारेमा सरुमारानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री देवीराम पाठकले जानकारी गराउदै सार्वजनिक सुनुवाईमा उपस्थितलाई स्वागत मन्तव्यबाट स्वागत भएको थियो ।

**सरुमारानी गाउँपालिकाद्वारा** चालु आ.व २०८१/०८२ को प्रथम चौमासिक अवधिमा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रगतिका विषयमा गाउँपालिकाका प्रशासन शाखा प्रमुख अधिकृत श्री लक्षमण आचार्यले प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

त्यसपछि नागरिकहरुले जिज्ञासा तथा गुनासाहरु राखी प्रश्नोत्तर गराइएको थियो । त्यसैगरि गाउँपालिकाका प्रशासन शाखा प्रमुख अधिकृत श्री लक्षमण आचार्यले चालु आ.व २०८१/०८२ को प्रथम चौमासिक अवधिसम्म गाउँपालिकामा भएको आय, व्यय तथा समग्र प्रगतीको अवस्थाको जानकारी वारेमा जानकारी गराउनु भएको थियो । सार्वजनिक सुनुवाई संचालनको क्रममा उपस्थित नागरिकहरुलाई आफूले भोगेका, अनुभव गरेका तथा गाउँपालिकालाई अझै सक्षम र सम्वृद्ध बनाउनका लागि प्रश्न, जिज्ञासा तथा गुनासाहरु राख्न भनिएको थियो । आएका प्रश्नहरुको सरुमारानी गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत सहित सरोकारवाला र नागरिकहरुवीच हाक्काहक्की प्रश्नोत्तर गराइएको थियो । विषयगत शाखा, वडा, सहित उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतले जवाफ दिएपछि सार्वजनिक सुनुवाई उठेका थप सवालहरु सम्वोधन सहित सबैलाई धन्यवाद दिँदै सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झग वहादुर विश्वकर्माले समापन गर्नु भएको थियो ।

**५) सेवाग्राहीहरुबाट उठेका सवाल तथा जवाफहरु**

**हरुले राखेका जिज्ञासा, प्रतिकृया तथा त्यसको जवाफ**

सार्वजनिक सुनुवाइमा मुख्य रुपमा नागरिकबाट आएका प्रश्नहरु र तिनका उत्तरहरु निम्नाअनुसार रहेका छन्:

| क्र.स | प्रश्नकर्ताको नाम र ठेगाना | प्रश्नहरु | जवाफदेहि वक्ता | जवाफ |
|---|---|---|---|---|
| १. | सरस्वती रिजाल सरुमारानी-२ | गाउँपालिकामा आफ्नो मान्छेलाई मात्र जागरि खुवाइन्छ, विपन्न वर्गलाई किन नजोडेको ? | देविराम पाठक प्रमुख प्रशासकीय अधिकृत | कर्मचारी व्यवस्थापनमा कार्यलय सहयोगी, ड्राइभर र प्राविधिक कर्मचारीमात्रै राख्न पाउने व्यवस्था छ । शैक्षिक योग्यता, अनुभवलाई आधार मानी कार्यविधि बनाई छनोट गरिएको छ । आफ्नो र अरुको भन्ने कार्यविधिले चिन्दैन, योग्य मात्रै छनोट हुन्छ । |
| | | स्वयंसेविकालाई अवलोकन भ्रमण लैजान वजेट विनियोजन भएन पालिकालाई मात्रै भयो । | देविराम पाठक प्रमुख प्रशासकीय अधिकृत | भ्रमणको कुरा वार्षिक स्वीकृत कार्यक्रम हो । न्यायिक समितिले देशका केही पालिकामा भ्रमण गरी न्यायिक सेवा प्रभावकारी, गाउँपालिकाबाट दिगो न्यायिक कानुनहरु निर्माणको उद्देश्य सहित |

| | | | | |
|---|---|---|---|---|
| | | | | गाउँकार्यपालिकाका सदस्य समेत संलग्नतामा केही पालिकामा पुगेका छौं । |
| कार्यक्रममा राजनितिक दलको तर्फबाट आएका सुझावहरु | | | | |
| १ | टिकाराम पल्ली नेकपा (एमाले)को तर्फबाट | सार्वजनिक सुनुवाईमा नागरिक सहभागितालाई बढवा दिन ।<br>गाउँपालिकाको केन्द्र बड्डाडामा १५ शय्याको अस्पतालको आवश्यकता रहेको विषय उठान गर्नुभयो । | | |
| २ | नेत्रमणी पोखेल नेपाली काँग्रेसको तर्फबाट | रानी कुवालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न ।<br>अनुदानको अनुगमन गर्न ।<br>सरुमारानी गाउँपालिका-१ छहरेखोलामा विद्यार्थी आवतजावतका लागि सानो पुलको व्यवस्थापन गर्न ।<br>कर्मचारीको नियुक्ती विवादरहित ढंगले योग्यताका आधारमा गर्न ।<br>जग्गा मुल्याड्कनमा भएको समस्या हटाउन । | | |
| गाउँपालिकाको अध्यक्षबाट जवाफ संगै मन्तव्य । | | | | |
| १ गाउँपालिका अध्यक्ष झग बहादुर विश्वकर्माले सार्वजनिक सुनुवाईमा उठेका सवाल, प्रतिवेदन तयारीका सन्दर्भमा आएका सुझावले सार्वजनिक जवाफदेहीतामा बढवा दिन मद्दत पुग्ने बताउनु भयो । सरुमारानी गाउँपालिकासंग कुनै गुनासा रहे निर्धक्क भइ राख्न र सूचना माग गर्न नागरिकलाई आग्रह गर्नु भयो । | | | | |

## ५.२. बर्हिगमन अभिमत तथा नागरिक प्रतिवेदन पत्र संकलनका क्रममा उठेका सवाल र जवाफ

| क.सं. | सवालहरु | जवाफदेही संस्था वा व्यक्ति | जवाफ तथा | कैफियत |
|---|---|---|---|---|
| १ | वागेखोला-उपल्लो खुट्टी, बड्डाडा देखि जस्पुर हुँदै हात्तिखाल सडकको मर्मत कार्य प्रभावकारी नहुँदा सास्ती भोग्नु परेको गुनासो छ । | अध्यक्ष | बाघेखोला खण्डमा समस्या धेरै भएको छ जस्तो लाग्दैन् । जस्पुर हात्तिखाल सडकलाई प्रदेश सडक गुरुयोजनामा समेत पार्न पहल गरी सफल भएका छौं । कुनै पनि सडकलाई अवरोध हुन दिएका छैनौं । | |
| २ | धनकोट हुँदै भिंगृखोला जोड्ने सडक निर्माणमा ढिलाई भएको गुनासो छ । | अध्यक्ष | यो सडक गाउँपालिकाको विशेष प्राथमिकतामा राखेको सडक हो । काम शुरु भइ ठेगेदार भागेकाले ढिलाई भएको हो । यसलाई छिटो सकाउन पालिकाले चासो दिएको छ । | |
| ३ | मान्द्रे, सौराकोट, जोगिढुङ्गा, ढाड क्षेत्रमा खानेपानीको समस्या रहेको गुनासो छ । | अध्यक्ष | खानेपानी योजना निर्माण गरेकोमा बाढीहरुले बगाउने, पुर्ने हुँदा पुनः समस्या आएका छन् । गाउँपालिकाले मात्रै नभ्याउने हुँदा प्रदेशसंग गुहार मागेका योजनामा वजेट न्युन विनियोजन हुँदा समस्या भइरहेको छ । यी खानेपानी योजनाहरुमा पुनः वजेट विनियोजन भएका छन् । | |
| ४ | मौरीपालक किसानले उत्पादन गरेको मह विक्री नहुँदा लगानी समेत डुब्ने अवस्थामा रहेको दुखेसो छ । थन्किएको मह वजारीकरणमा गाउँपालिकाले पहल लिएन भन्ने गुनासो गरेका छन् । | अध्यक्ष | कृषि उपजको विक्री तथा बजारीकरणका लागि पालिकाले कोशेली घर तथा सहकारीसंग सहकार्य गरिरहेको छ । विक्री वितरणहरु पनि भएका छन् । पालिकाले गर्ने सहयोग गरेको छ । | |
| ५ | हात्तिखालका स्थानीयले वडाबाट सिफारिस लिइ गाउँपालिकामा कुखुरापालनको लागि जाली माग | अध्यक्ष | यस कार्यक्रम गाउँपालिकाको छैन् । बाखा, भैसीपालनमा पालिकाले प्राथमिकता दिएको छ । आगामी दिनमा सम्बोधन गर्न सकिने छ । | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | गरेको, तर गाउँपालिका यस सम्वन्धमा कुनै सुनुवाई नगरेको । | | | |
| ६ | नेरा प्रा.वि. पाखापानीमा निर्माणाधिन भवन अलपत्र परेको छ । पुरानो भवन साघुरो हुँदा कोचिएर बस्नु पर्ने, चरमा बेला बेलामा सर्प भेटिंदा त्रासमा बालबालिका पढ्न बाध्य भएको अभिभावकको गुनासो छ । | अध्यक्ष | प्रदेश सरकारले न्युन वजेट विनियोजन गरेका कारण थोरै संरचना बनेर अलपत्र पऱ्यो । पालिकाले सोही काममा हात हाल्दा डुब्लिकेशन भयो भन्ने समस्या हुन्छ । प्रदेश सरकारले न हात झिक्ने, न काम गर्ने अवस्था छ । यसलाई आगामी वर्षमा योजना बनाएर काम गर्ने गाउँपालिकाको सोँच छ । | |
| ७ | गाउँपालिकामा अनुदानका कार्यक्रम खुल्दा सूचना नपाउने गुनासो छ । यो गुनासो हात्तिखाल् र जोगिढुङ्गाको हो । | अध्यक्ष | सवैभन्दा वढी समस्या जनताहरु वडामा नआउने, सामाजिक सन्जालमा गाउँपालिकाका सूचनाहरु नहेर्ने प्रवृत्तिले यो समस्या निम्तिएको छ । वडाले ठाउँठाउँमा सूचनापाटीं टास गरी सूचना जारी गरिएको हुन्छ तर पनि त्यो समस्या हटेको छैन् । आगामी दिनमा गाउँपालिकाले गठन गरेको टोल विकास संस्थालाई जिम्मा दिइनेछ । | |
| ८ | जोगिढुङ्गामा विद्युत भोल्टेजको समस्याले मोटर नचल्ने भएपनि स्थानीय सरकारले पहल नगरेको गुनासो छ । | अध्यक्ष | स्थानीयमा अन्तरविरोध पहिलो यहाँको समस्या हो । छिमेकी गाउँ गहनाबाट ल्याउन त्यहाँका जनताले श्रमदान गरी काम गरेको भन्दै ल्याउन नदिने, त्यहाँ वलिरहेको विद्युत दांगबाट आउने हुँदा नजिक ट्रान्समिटर नहुने समस्या हो । विद्युत प्राधिकरणसंगको सहकार्यमा पहल हुनेछ । | |
| ९ | बाटोले विगारेको गनाहा अमिलढिक कुलो पुनः मर्मतमा ध्यान नदिंदा सिंचाई सुविधावाट बञ्चित हुनु परेको छ । | अध्यक्ष | यस विषयमा वडा कार्यालयले सम्भावना अध्ययन गर्ने छ । गाउँपालिकाले गर्न सक्ने अवस्था आए गाउँपालिका र नभए प्रदेशमा पहल गरिनेछ । | |
| १० | ददेरी क्षेत्रमा फोहोर बढ्दै गएको र व्यवस्थापन गर्न स्थानीय माग । | अध्यक्ष | जनसहभागिता गरेपनि पुग्ने भएकोले वडा जनप्रतिनिधि, कर्मचारी र स्थानीयको सहभागितामा व्यवस्थापन गरिनेछ । | |
| ११ | सिमान्तकृत समुदाय( धामी/कुमाल/कुसुण्डा) लक्षित कार्यक्रम कमी भयो । | अध्यक्ष | वजेटको कमी भएको हामीलाई पनि महशुस भएको विषय हो । विगतका वर्षमा विशेष अनुदान आउथ्यो त्यो आएन । आगामी दिनमा त्यसमा विशेष ध्यान दिन्छौ । | |
| १२ | गाउँपालिकामा दलित सशक्तिकरण ऐन समेत लागु भएको सन्दर्भमा अतिविपन्न वर्ग रहेका वादी समुदायलाई दलित सम्वन्धि कार्यक्रमले छुन नसकेको गुनासो छ । दलित उत्थान समितिमा सहभागिता नगराइएको । | अध्यक्ष | अन्य समुदायलाई पनि समेट्ने गरी आगामी दिनमा वजेट तथा कार्यक्रमहरुले सम्वोधन हुनेछ । | |
| १३ | सौराकोटमा होमस्टे कार्यक्रम सञ्चालन गर्ने गाउँपालिकाको योजना सम्वन्धमा । | अध्यक्ष | पर्यटक आउने सम्भावना भएपनि पर्यटकीय गतिविधिहरु नभएकोले यसमा ध्यान नगएको हो । प्रदेश सरकारले २५ लाख विनियोजन गरी सरकार ढलेसंगै वजेटको हेरफेर हुँदा कार्यक्रम पनि बढ्न नसकेको हो । | |
| १४ | मुख्य बजार केन्द्रमा सडक बत्ति र सिसि क्यामेलाको मागका सम्वन्धमा । | अध्यक्ष | ददेरी, चिसापानी, दरभानमा सडक वत्ती र सिसि क्यामेराको मर्मत गाउँसभा अघि नै हुनेछन् । | |

**६.कार्यक्रमको सवल पक्षहरु**

☐सेवाग्राहीहरुबाट सन्तुष्टी मापन गर्न नागरिक प्रतिवेदन पत्र वा बहिर्गमन अभिमत वा नागरिक अभिमत समेत संकलन गरी सोको नतिजाका आधारमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएकोले अझै प्रभावकारिता बढ्ने ।

☐ स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु, संचारकर्मी तथा स्थानीय निकायका प्रमुखहरुको सहभागीतामा संचालन गरिएको ।

☐ सरुमारानी गाउँपालिकाको भौतिक र वित्तीय प्रगती प्रस्तुत गरिएको ।

☐ सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझावहरुको जवाफदेहि वक्ताहरुबाट चित्तबुझ्दो जवाफ दिईएको ।

☐ स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।

☐ जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।

☐ अनुपस्थित नागरिकको लागि विद्युतीय प्रगति विवरणहरुको जानकारी सहितको बुलेटिन विमोचन गरी सार्वजनिक गरिएको ।

**८. सुधार गर्नुपर्ने पक्षहरु**

☐ समय पर्याप्त राखी कार्यक्रमको प्रचार प्रसारमा ध्यान दिनु पर्ने ।

☐ वडा अध्यक्ष सहित गाउँसभाका सबै जनप्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने ।

☐ पर्चा पम्प्लेट तयार गरी वडा तथा बस्ती स्तर सम्म प्रचार प्रसार गर्न सके प्रभावकारी हुने ।

☐ वडा स्तरमा समेत सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने ।

☐ सार्वजनिक सुनुवाई हुने बारेको सूचनालाई थप प्रभावकारी बनाउनु पर्ने ।

☐ उपस्थितिको लागि सबै राजनितिक दलहरुसंग समन्वय गर्नु पर्ने ।

**९.समस्याहरु**

☐ नागरिक प्रतिवेदन पत्र वा नागरिक अभिमतमा सहभागी सेवाग्राहीहरु उपस्थित नहुनु ।

☐ स्थानिय स्तरमा क्रियाशिल सबै राजनितिक दलहरु सहभागी नजनाउनु ।

☐ निर्धारित समयमा सार्वजनिक सुनुवाई सुरु गर्न नसकिएको ।

**१०.निष्कर्ष**

सरुमारानी गाउँपालिकाको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । सरुमारानी गाउँपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले खानेपानीको समस्या, पर्यटन क्षेत्रको प्रवर्द्धन, संरक्षण र विकास, फोहोर संकलन, अनुदानलाई उत्पादनमुखी बनाउने विषयका सवाल, सुझावहरु दिएका थिए । पालिका स्तरीय राजनैतिक दलका प्रतिनिधिहरु, संचारकर्मीहरु तथा जन निर्वाचित प्रतिनिधिहरुको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको उल्लेख्य सहभागीता रहेको थियो । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । प्रश्नकर्ता नागरिकहरुले राज्यले सरकारी क्षेत्रमा लगानी गर्ने तर राम्रो प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समेत प्रभावकारी कार्यहरु गर्नुपर्ने बताएका थिए । सरुमारानी गाउँपालिकाले नियमित रुपमा सार्वजनिक सुनुवाई गरी विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता वृद्धि हुने देखिन्छ । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सबै शाखा प्रमुख, वडा अध्यक्षहरु सहितको सार्वजनिक सुनुवाई फलदायी भएको देखिन्छ । यस पटकको सार्वजनिक सुनुवाईमा आएका सवालहरुलाई अर्को सार्वजनिक सुनुवाई अवधिभर समाधान गरी सार्वजनिक सुनुवाईका विषय बारे प्रगति विवरण दिन सके सार्वजनिक सुनुवाईको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

Jhuleni Media Pvt. Ltd.

**समाप्त**

CamScanner

अनुसूचीहरु

अनुसुचि १ कार्यक्रमको उपस्थिति तथा माइन्युट

आज मिति २०८१ साल मंसिर २० गते यस सरुमारानी
गाउँपालिकाको आयोजनामा तथा जुलेनी मिडिया प्रा.लि.को
संयोजनमा आ.व. २०८१/०८२ मा कार्यसम्पादन गरेका
विकासका कार्यहरु र सेवा प्रवाहको सम्बन्धमा प्रथम
चौमासिक समिक्षा तथा तेस्रो सार्वजनिक सुनुवाई
कार्यक्रम गा.पा. अध्यक्ष श्री झग बहादुर विश्वकर्मा
ज्यू अध्यक्षतामा, तपसिलका उपस्थितीमा कार्यक्रम
सु-सम्पन्न गरियो।

उपस्थिती

१. श्री झग बहादुर विश्वकर्मा गा.पा. अध्यक्ष
२. श्री वसन्ता खड्का गा.पा. उपाध्यक्ष
३. श्री देविराम पाठक प्रमुख प्रशासकीय अधिकृत
४. श्री टिकाराम पल्लीमगर ने.क.पा. एमाले
५. श्री नेत्र पोखरेल नेपाली कांग्रेस
६. श्री ने.क.पा. माओवादी केन्द्र
७. श्री ने.क.पा. एकीकृत समाजवादी
८
९
१० श्री चिन्त बहादुर घर्तीमगर गा.पा. प्रवक्ता ४ नं. वडा अध्यक्ष
११. श्री भिम बहादुर गर्बुजा मगर ३ नं. वडा अध्यक्ष
१२. श्री मो. कलिम कजुवाई कार्यपालिका सदस्य
१३. श्री लक्ष्मी पल्लीमगर ५ नं. वडा अध्यक्ष
१४. श्री भानुभक्त गुवाल २ नं. " "
१५. श्री तिल बहादुर बुढा मगर ६ नं. " "
१६. श्री वि.क. खिम बहादुर सुनार कार्यपालिका सदस्य
१७. श्री चन्द्रिका थापा " "
१८ श्री आशा वि.क. " "
१९ श्री कल्पना सुनार " "
२० श्री पनुका रोका मगर "
२१ श्री भोज ब. रोका मगर ४ नं. वडा सदस्य
२२ श्री भिन्दु कुमार गुरुङ २ "
२३ श्री वेद ब. रन मगर ३ "

२४ श्री इन्द्र व के सी  मै स स आ दि केन्द्र
२५ श्री उनडुरु व महरा ६ न वडा हलाम
२६ श्री मनलिम मिया ३ नं. " "
२७ श्री छान व बावा ४ " "
२८ श्री धान व एतनी ५ " "
२९ श्री शारदा राना पत्नी १ " "
३० श्री माणिका कु. कुमार ५ " "
३१ श्री गोमती स्वाख्या ५ " "
३२ श्री मिना विश्वकर्मा १ " "
३३ श्री मनिषा गुरुङ ३ " "
३४ श्री पार्वती प्रन माग ४ " "
३५ श्री एनुका देवी कामी ६ " "
३६ श्री खडलाल पन्थी २ " "
३७ श्री जितमान मिया मुस्लिम अभ्यान केन्द्र
३८ श्री गणेश व कुमार
३९ श्री दिपा पौडेल, विपद जोखिम प्राविधिक, पिपुल इन नित
४० श्री ठेकेन्द्र राजभण्डारी (ला. अ. प्रमुख)
४१ श्री रिता वि.क उद्यम विकास सहजकर्ता
४२ श्री रचना कुँवर (वडा सचिव ६ नं वडा)
४३ श्री अन्जु शाह (स. म. वि. नि.)
४४ श्री गौरव खनाल (रो. ल)
४५ श्री ध्रुव सि.नी. (कृषि अधिकृत)
४६ श्री भिम बहादुर ओली (नाफ हे० प्रा०
४७ श्री सन्तोष गौतम (इन्जिनियर)
४८ श्री लाल बहादुर पुनमगर (आ. ई. व. कार्यक्रम अधि)
४९ श्री गणेश पर्ति (वन प्राविधिक)
५० प्र. नि. ई लाल बहादुर चौधरी (प्र. नौ.
५१ प्र. स. नि. राजेन्द्र सिंह भण्डारी (प्र. नौ.
५२ प्र. मा. नि. राम नारायण चौधरी (प्र. नौ.
५४ श्री पोमलाल पाल (अमिन)
५४ [illegible] (प्रमाणप
५५ रमेश शर्मा (रा से)

वैरराज पाण्डे. पारियोजना संयोजक, रामकोट परियोजना

श्री ... लोक ... मुख्यमन्त्री

पक्ष बहादुर राजमगर ... सचिव वडा नं. ?

लोक बहादुर रानार ... सचिव वडा नं. ३

अमित के. सी. वडा सचिव वडा नं. २

विनोद कुमार खड्का (सि.अ.हे.व.)

श्री प्रभा डाँगी पैरौ आधारभूत स्वास्थ्य सेवाकेन्द्र (अ.न.मी)

काइमी के.सी. (वाडेश्याल स्वास्थ्य चौकी) अ.न.मी.

सरोज कुमार भट्ट (हे.अ.) ढुंगुर स्वा चौकी

... ... ...

... ... ...

श्री ... कुमारी वली ... अनमी

श्री सरस्वती थापा ... स्वा चौकी

... ... ... (अ.हे.व)

साधना ... ढुंगुर स्वा.चौकी सि. अ.न.मी.

श्री ... ... प.हे.व.

श्री हरि बुढा महिला स्वास्थ्य स्वंयसेविका

श्री संगिता पुन ॥

श्री शिला कुमारी नेपाली ॥

श्री कल्पना मारक राना ॥

श्री ... पि.क ॥

श्री चौमिसरा राना ॥

श्री सर्मिला खड्का रायमाझी ॥

श्री शकुन्तला कार्मी घर्ती ॥

श्री सपना नेपाली ॥

श्री देवा गुरुङ ॥

श्री चमेली पुन ॥

श्री सरस्वती वि.क ॥

श्री राजकली राना मगर ॥

श्री भगवती राउत

श्री अनिता ... मगर

राधिका श्री राधिका घेरती महिला स्वास्थ्य स्वयंसेविका
करिश्मा श्री करिश्मा बुढा मगर ''
श्यामकली श्री श्यामकली थापा मगर ''
लक्ष्मी लक्ष्मी सोमै मगर ''
लिला श्री लिला कुमारी दर्लामी मगर ''
सिता श्री सिता कुमारी सुनार ''
जिवा श्री जिवा दर्लामी ''
बालिका श्री बालिका वि.क. ''
कमला श्री कमला शर्मा ''
सरस्वती सरस्वती पडेल ''
चेनकला चेन्जकला भण्डारी ''
पुनम घर्ति मगर ''
सरस्वती सरस्वती रिजाल ''
जनक सुनार ४ नं. वडा सचिव
दुर्गा दुर्गा देवी कुमार विश्वकर्मा ''
सावित्री सिंह - दुगाथड पान्थी
शालराज शालराज आचार्य अध्यक्ष (रक्षित नागरिक)
शेखर शर्मा (नगर प्रहरी)
श्यामकली श्यामकली (राना) का.स
घन बहादुर राना (का.स.)
गिता सारु मगर (का.स.)
रिमा बुढा मगर (नगर प्रहरी)
शिवराज खोपान - IT officer
लक्ष्मा आचार्य - कार्यालय प्रमुख
शशिधर भण्डारी
सलिम मियाँ
मधुसुदन पोखरेल

JM

अनुसूची २ : कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना तथा समाचार

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्गाडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८१।०८२
च.नं.

मिति: २०८१।०८।१३

**विषयः सार्वजनिक सुनुवाई कार्यक्रम हुने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा सरुमारानी गाउँपालिकाको आ.व. २०८१।०८२ को प्रथम चौमासिकमा कार्यसम्पादन गरेका विकास कार्यहरु, सेवा प्रवाह र हाल सम्मको कार्य प्रगति समिक्षा तथा प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिने भएकोले उक्त कार्यक्रममा सबै राजनैतिक दल, निर्वाचित जनप्रतिनिधिहरु, पत्रकार, नागरिक समाज, संघसंस्थाहरु, विभिन्न समिति/उपसमितिहरु तथा उपभोक्ताहरुलाई तपशिल बमोजिमको मिति, समय र स्थानमा उपस्थितिको लागी यसै सूचना मार्फत जानकारी गराईन्छ।

.............
(देविराम पाठक)
प्रमुख प्रशासकीय अधिकृत

तपशिल
मिति: २०८१ मंसिर २० गते
समय: विहान ११.०० बजे
स्थान: सरुमारानी गाउँपालिका वडा नं.-४ स्थित बहुउदेशिय सभाहल, बङ्गाडा ।



# सरुमारानी सार्वजनिक सुनुवाइ सम्पन्न

भुलेनी पोष्ट
प्यूठान

सरुमारानी गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिक सार्वजनिक सुनुवाइ गरेको छ । गाउँपालिकाले चालु आ.व.को चार महिनामा गरेका योजना, कार्यक्रम र सेवा प्रवाहको समिक्षा तथा नागरिकका गुनासाहरूको विषयमा छलफल गरिएको छ । गाउँपालिकाका प्रशासन शाखा प्रमुख लक्ष्मण आचार्यले प्रस्तुत गरेको प्रतिवेदन अनुसार चौमासिक अवधिमा आर्थिक विकास तर्फ ५.८ प्रतिशत,सामाजिक विकास तर्फ १८.४८ प्रतिशत, सुशासन तथा अन्तर सम्बन्धित २०.१४ प्रतिशत र कार्यक्रम संचालन तथा प्रशासनिक क्षेत्रमा १७.३२ प्रतिशत खर्च भएको छ । चालु तर्फ १८.०४ प्रतिशत



र पुँजिगत तर्फ ६.८९ प्रतिशत गरि हाल सम्म जम्मा १५.५८ प्रतिशत बजेट खर्च भएको छ ।कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत देविराम पाठकले पालिका मार्फत हरेक गतिविधि गर्ने आफ्नै नियम, कानुन र कार्यविधी तयार गरिएका हुन्छन सोही अनुसार जनउत्तरदायी भएर सार्वजनिक जवाफदेहीतामा सरुमारानी गाउँपालिका अग्रस्थानमा रहेको दाबी गरे ।

नागरिकले सुझाव, जिज्ञासा र गुनासोको रुपमा उठाएका सुशासन, सडक, अनुदान, विद्युत, दल निर्माण, कृषि उपजको बजारीकरण, शिक्षा, स्वास्थ्य लगायतका सु-शासनका विषयमा पालिका अध्यक्ष भग बहादुर विश्वकर्माले सुझाव वास्तवमै अनुकरणीय रहेको भन्दै सहर्ष ग्रहण गरेको र कमिकमजोरी सुधारका निम्ती कार्यपालिका बैठकमा छलफल गरि कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे । सरुमारानी गाउँपालिकाको आयोजनामा भएको कार्यक्रमको सहजीकरण भुलेनी मिडिया प्रा.लि.ले गरेको थियो ।

# प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यसम्पादनमा नौबहिनी उत्कृष्ट




भुलेनी पोष्ट
प्यूठान

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमले गरेको कार्यसम्पादनमा लुम्बिनी प्रदेशका स्थानीय तहहरुमध्ये उत्कृष्ट पालिकाको रुपमा नौबहिनी गाउँपालिका छनौट भएको छ । बुधबार बुटवलमा भएको आर्थिक वर्ष २०८०/०८१ अन्तर्गतको कार्य लुम्बिनी प्रदेशका ३ वटा स्थानीय तह तथा रोजगार संयोजकलाई कदर पत्र सम्मान गरिएको छ। जस अन्तर्गत नौबहिनी गाउँपालिका, प्युठान पर्वत के कुश्मा नगरपालिका अर्घाखाँची भिम र परिवर्तन गाउँपालिका रोल्पा ३ स्थानमा पर्ने गरि ३ स्थानीय तह र ३ ...

स्याउलीवाङ....

## अनुसूची ३ : कार्यक्रमका झलकहरु



सार्वजनिक सुनुवाईमा उपस्थित भएका सहभागिहरु





कार्यक्रम र नागरिक तथा बर्हिगमित अभिमत संकलनका क्रममा उठेका सवाल तथा जिज्ञाषाहरुको जवाफ दिनु हुँदै गाउँपालिका अध्यक्ष झग बहादुर बिश्वकर्मा र प्रमुख प्रशासकीय अधिकृत देविराम पाठक ।



सार्वजनिक सुनुवाईमा राजनितिक दलको तर्फबाट सहभागि एमाले सरुमारानी गाउँपालिका सचिव टिकाराम पल्ली र नेपाल कांग्रेस प्यूठानका सदस्य नेत्रमणी पोखेलद्वारा आफ्नो तथा पार्टीको तर्फबाट धारणा राख्नु हुँदै ।

CamScanner

सरुमारानी गाउँपालिका प्यूठान समक्ष

पेश गरिएको आ.व. २०८१/०८२ को पहिलो चौमासिक

# सार्वजनिक सुनुवाई कार्यक्रमको लागि पुर्व प्रतिवेदन

## २०८१ मङ्सिर १४

## प्रतिवेदन पेश गर्ने


श्री झुलेनी मिडिया प्रा.ली

प्यूठान नगरपालिका-७ प्यूठान


CamScanner

१. पृष्ठभूमी:

जनताले विभिन्न शीर्षकमा तिरेको करबाट संचालित राज्यका संयन्त्र, निकाय, कार्यालय र जनताकै पसिनाबाट तलब भत्ता खाने कर्मचारीतन्त्र जनताप्रति उत्तरदायी र जवाफदेही हुन आवश्यक छ। सार्वजनिक प्रशासनलाई सुशासनयुक्त, पारदर्शी, जनमुखी, जवाफदेही, समावेशी तथा जनसहभागितामुलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउनु राज्यका निकाय र त्यसमा जोडिएका अधिकारीहरुको दायित्व र कर्तव्य हो।

लोकतन्त्रमा विधिको शासन, कानूनि राज्य, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो, भरपर्दो, गुणस्तरिय र प्रभावकारी हुनुपर्दछ। सेवाप्रदायक निकाय (स्थानीय सरकार) र सेवाग्राही (नागरिक) हरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउनलाई नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ जारी गरिएको छ। साथै सरुमारानी गाउँपालिकाले सार्वजनिक सुनुवाई कार्यविधि २०८० जारी समेत गरेको छ।

स्थानीय सरकारबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरूमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउने उद्देश्यले सरुमारानी गाँउपालिकाको आयोजना तथा झुलेनी मिडिया प्रा.लीको सहजीकरण तथा समन्वय आ.व.२०८०/०८१ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम संचालनका लागि प्रशतावना तयार गरिएको छ।

**(क) सार्वजनिक सुनुवाई गर्ने संस्था वा व्यक्ति:**

आयोजक: सरुमारानी गाउपालिकाको कार्यालय, प्यूठान
सहजिकरण: श्री झुलेनी मिडिया प्रा.ली. प्यूठान नगरपालिका प्यूठान
संयोजन: सलिम मिया
सहजकर्ताको नाम: शशिधर भण्डारी
सहजकर्ताको नाम: केशर सुनार
सहयोगी : हिमाल भण्डारी

**(ख) अध्ययन गरिएको क्षेत्र:**

- वहिर्गमन अभिमत (Exit Poll) मा सहभागीहरुको विवरण गाँऊपालिकाको कार्यालय, १, २, ३, ४,५ र ६ बाट सेवा लिई फर्किएकाहरु सहभागी।
- नागरिक प्रतिवेदन (Citizen Report Card)मा सहभागीहरुको विवरण: ( सार्वजनिक सुनुवाई संचालन हुने वड्डांडा सेवा क्षेत्रका सहभागीहरु र विभिन्न वडाका सेवाग्राही

**(ग) अध्ययन गरिएको अवधि:** मिति २०८१ मङ्सिर १२ देखि मङ्सिर १६ गतेसम्म

**(घ) अध्ययनमा सहभागी संख्या:**

| दलित | | जनजाति | | अन्य | | कुल उपस्थिति संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| ४ | ६ | १६ | १३ | ४ | ७ | २४ | २६ | ५० |

**(ङ) वहिर्गमन अभिमत संचालन**

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिन वहिर्गमन अभिमत वा नागरिक प्रतिवेदन पत्र अनिवार्य संचालन गर्नुपर्ने व्यवस्था रहेको छ। यस सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपूर्व **झुलेनी मिडिया प्रा.ली.ले** वहिर्गमन अभिमत ,नागरिक प्रतिवेदन पत्र वा कुनै नागरिकको मत लिने कार्यहरु संचालन गरेको छ।

**(अ) वहिर्गमन अभिमतबाट पाएको नतिजा**

CS CamScanner

| सि.नं. | सेवाग्राही नागरिकले यस कार्यालयबाट सेवा लिदाको अनुभुती | तपाइलाई उपयुक्त लागेको ठाउँमा रेजा (✓) लगाउने | | |
|---|---|---|---|---|
| १ | तपाईलाई यस कार्यालयमा सेवा लिंदा को संग सम्पर्क गर्नु पर्दछ भन्ने जानकारी दिइयो ? | राम्रोसंग जानकारी दिइयो | ठीकै | राम्रो जानकारी पाइएन |
| | | ३६ | १३ | १ |
| २ | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षाका बारेमा कति बुझे जस्तो लाग्यो ? | राम्रोसंग बुझे जस्तो लाग्यो | ठीकै | खासै बुझेजस्तो लागेन |
| | | ३६ | १४ | ० |
| ३ | सेवा प्रदायक कर्मचारीले तपाईप्रति देखाएको व्यवहार कस्तो लाग्यो ? | मैत्रीपूर्ण लाग्यो | ठीकै | अमर्यादित |
| | | ३४ | १६ | ० |
| ४ | तपाईलाई यस कार्यालयबाट सेवा प्राप्त गर्न आवश्यक सूचना (प्रमाण–कागजात र शुल्क–दस्तुर) का बारेमा कर्मचारीबाट स्पष्ट जानकारी दिइयो ? | स्पष्ट हुने गरी दिइयो | ठीकै | दिइएन |
| | | २९ | २१ | ० |
| ५ | तपाईले कार्यालयमा राख्नुभएको समस्याको समाधान दिइयो ? | सरल तरिकाले समाधान दिइयो | ठीकै | समाधान दिइएन |
| | | २४ | २६ | ० |
| ६ | सेवा दिंदा अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ? | सरल र छिटोछरितो | ठिकै | लामो र झन्झटिलो |
| | | १७ | ३१ | २ |
| | जम्मा | | | |

**(आ) नागरीक प्रतिवेदन पत्र**

नागरीक प्रतिवेदन फारामको प्रयोग गरी सरुमारानी गाउँपालिकाका ५० जना सेवाग्राहीबाट सूचना संकलन गरिएको थियो । नागरीक प्रतिवेदनमा दलित, जनजाति, बालबालिका, महिला एवम् पिछडिएका वर्गको प्रतिनिधित्व भएको थियो । संकलित सूचनाको विश्लेषणलाई सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको थियो । नागरीक प्रतिवेदनमा भाग लिएका सम्पूर्ण उत्तरदातालाई समेत कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो ।

| सि.नं. | सेवाको नाम | सोधिएको प्रश्न | सेवाको मूल्याङ्न सख्यामा | | |
|---|---|---|---|---|---|
| १ | **सेवाको सन्तुष्टि** | तपाईँले सरुमारानी गाउँपालिका/स्थानीय सरकारी कार्यालयबाट दिने सेवाबाट कतिको सन्तुष्टि हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ३३ | १४ | ३ |
| | | सेवालिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ३१ | १९ | ० |
| | | सेवालिन जाँदा जनप्रतिनिधिको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | २६ | २१ | ३ |
| २ | **सेवाको नियमितता** | नागरिक बडापत्रमा उल्लेख भएअनुसार सेवा लिंदा लागेको समयप्रति तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | २२ | २८ | ० |
| | | तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम दिनु पर्‍यो ? | तिरेको छैन | एकदमै कम | धेरैतिरेको |
| | | | ५० | ० | ० |
| | | कार्यालयले सेवाग्राही/नागरिकका समस्या समाधान गर्न औषत कति दिन लगाउने गरेको पाउनु भयो ? | १ दिन | २ दिन | धेरैदिन |
| | | | ४६ | ४ | ० |
| ३ | **सेवाप्रतिको जनविश्वास** | कार्यालयले दिने सेवा प्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | ३३ | १७ | ० |
| | | कार्यालयमा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास गर्नुहुन्छ ? | धेरै | ठीकै | विश्वास छैन |
| | | | ३३ | १७ | ० |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | यस कार्यालयले विपन्नका लागि छुट्याएको सेवा उनीहरुले प्रयोग गरेको जानकारी छ ? | छ | छैन | केही जानकारी छ |
| | | | १३ | १७ | २० |
| ४ | सेवाको गुणस्तर | सेवा लिंदा कार्यलयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | कम सन्तुष्ट | असन्तुष्ट |
| | | | ४० | १० | ० |
| | | तपाई कार्यालयमा सेवा लिन जाँदा कस्को सहयोग लिनुहुन्छ ? | आफै | स्थानीय अगुवा | मध्यस्थकर्ता |
| | | | ५० | ० | ० |
| | | तपाईलाई कार्यालयबाट एउटा काम लिन कति पटक धाउनु पऱ्यो ? | १ पटक | २ पटक | २ भन्दा बढीपटक |
| | | | ४८ | २ | ० |
| ५ | सेवा सम्बन्धी जानकारी | कार्यालयमा राखिएको नागरिक बडापत्रका बारेमा तपाईलाई जानकारी छ ? | छ | केही जानकारी छ | कुनै जानकारी छैन |
| | | | ७ | २५ | १८ |
| | | स्थानीय स्तरमा सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा विपन्न वर्गको उपस्थिती कति प्रतिशत सम्म हुने गरेको छ ? | २० प्रतिशत जति | ५० प्रतिशत भन्दामाथि | थाहा छैन |
| | | | ३ | १० | ३७ |
| ६ | नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुनुवाइ सम्वन्धमा | सेवा ग्राहीले नागरिक बडापत्र कत्तिको प्रयोग गर्छन ? | धेरै | कम | थाहा छैन |
| | | | ११ | १६ | २३ |
| | | सेवा प्रदायक कार्यालयले नागरिक बडापत्रको अनुशरण कत्तिकों गरेका छन् ? | धेरै | कम | अतिकम |
| | | | १३ | २१ | १६ |
| | | स्थानीय सेवाग्राहीले उजुरी पेटिका कत्तिको प्रयोग उजुरी गर्छन ? | धेरै | ठिकै | थाहा छैन |
| | | | ७ | १४ | २९ |
| | | सेवाग्राही नागरिकको गुनासो सुनुवाई भएको पाउनु भएको छ ? | धेरै सुनुवाई हुन्छ | ठिकै | थाहा छैन |
| | | | ७ | १४ | २९ |
| ७ | सिफारिस सम्वन्धमा | तपाईले सिफारिसका चाहिने आवश्यक कागजात बारेमा स्पष्ट जानकारी पाउनुभयो ? | पाइयो | ठीकै पाइयो | पाइएन |
| | | | ४३ | ७ | ० |
| | | कुनै सिफारिसका लागि लाग्ने दस्तुर बाहेक थप रकम दिनु पऱ्यो ? | दिनु पऱ्यो | थोरै पऱ्यो | दिनु परेन |
| | | | ० | ० | ५० |
| | | कार्यालयबाट सिफारिस लिदा कसको सहयोग लिनुभयो ? | आफैं | मध्यस्थकता | कर्मचारीहरुको सहयोग नेता /स्थानीय अगुवा( |
| | | | ५० | ० | ० |
| | | राजस्व, शुल्क, दस्तुर को-को संग उठाउने गरिएको छ ? | सबैसँग | सीमित व्यक्तिसँग | धेरै वक्यौता उठ्न बाँकी छ |
| | | | ५० | ० | ० |
| ८ | सरसफाई तथा पूर्वाधार सम्वन्धमा | तपाइको वडामा सरसफाइ तथा जनस्वास्थ्य सम्वन्धि कार्यक्रम कत्तिको प्रभावकारी छ ? | राम्रो छ | ठीकै छ | प्रभावकारी छैन |
| | | | ३१ | १९ | ० |
| | | तपाइको वडामा सञ्चालन भएका बिकास निर्माणका योजना कत्तिको गुणस्तरीय | गुणस्तरीय छन् | ठिकै छन् | गुणस्तरीय छैन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बनेको छ ? | २७ | १९ | ४ |
| | | योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनुभयो ? | सजिलै पाइयो | आंशिक पाइयो | सोधेपनि पाइएन |
| | | | ५० | ० | ० |
| | | योजनाको बिल भुक्तानी दिने प्रक्रिया कस्तो छ ? | सहज | ठीकै | जटिल |
| | | | ४२ | ७ | १ |
| | | योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई थप रकम दिनुपर्‍यो ? | दिनु परेन | मागेरै लिए | रकम नदिएका अफठेरो पारे |
| | | | ५० | ० | ० |
| | | स्थानीय कार्यालयहरुबाट बिकास निर्माण सम्वन्धि जानकारी माग्दा पाउनु भयो ? | सजिलै पाइयो | आंशिक पाइयो | सोधेपनि पाइएन |
| | | | ५० | ० | ० |
| | | योजना सञ्चालन गर्दा गाउँपालिका तथा वडा कार्यालयबाट कत्तिको सहयोग पाउनु भयो ? | धेरै | ठीकै | निरुत्साहित गरियो |
| | | | ४२ | ८ | ० |
| ९ | पारदर्शिता सम्वन्धमा | तपाईको गाउँपालिकामा यो वर्ष कति वटा सार्वजनिक सुनुवाइ कार्यक्रस सम्पन्न भए ? | १ वटा | २ वटा | थाहा छैन |
| | | | ११ | ० | ३९ |
| | | यदी भएको भए, सार्वजनिक कार्यक्रममा गरिएका प्रतिवद्धता कत्तिको कार्यान्वयन भएका छन् ? | धेरै | ठीकै | थाहा छैन् |
| | | | १७ | २० | १३ |
| | | सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्र बनेको छ ? | संयन्त्र बनेको छ | संयन्त्र बनेको छैन | थाहा छैन |
| | | | १० | ८ | ३२ |
| | | सरुमारानी गाउँपालिकाको वार्षिक निति तथा कार्यक्रम बारेमा जानकारी पाउनु भएको छ ? | धेरै जानकारी पाएको छु | केही जानकारी पाएको छु | कुनै जानकारी छैन् |
| | | | १७ | २० | १३ |

**च. बहिरगमन अभिमत पत्र ( (Exit Poll ) बाटः**

बहिर्गमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन संकलनका क्रममा उठेका सवालहरुः

| क्र.सं. | सवालहरु | जवाफदेही संस्था वा व्यक्ति | जवाफ तथा | कैफियत |
|---|---|---|---|---|
| १ | वागेखोला-उपल्लो खुट्टी, वड्डाडा देखि जस्पुर हुँदै हात्तिखाल सडकको मर्मत कार्य प्रभावकारी नहुँदा सांस्ती भोग्नु परेको गुनासो छ । | अध्यक्ष | | |
| २ | धनकोट हुँदै भिंगृखोला जोड्ने सडक निर्माणमा ढिलाई भएको गुनासो छ । | अध्यक्ष | | |
| ३ | मान्द्रे, सौराकोट, जोगिढुङ्गा, ढाड क्षेत्रमा खानेपानीको समस्या रहेको गुनासो छ । | अध्यक्ष | | |
| ४ | मौरीपालक किसानले उत्पादन गरेको मह विक्री नहुँदा लगानी समेत डुव्ने अवस्थामा रहेको दुखेसो छ । थन्किएको मह वजारीकरणमा गाउँपालिकाले पहल लिएन भन्ने गुनासो गरेका छन् । | अध्यक्ष | | |
| ५ | हात्तिखालका स्थानीयले वडाबाट सिफारिस लिइ गाउँपालिकामा कुखुरापालनको लागि जाली माग | अध्यक्ष | | |

| | | | | |
|---|---|---|---|---|
| | गरेको, तर गाउँपालिका यस सम्बन्धमा कुनै सुनुवाई नगरेको । | | | |
| ६ | नेरा प्रा.वि. पाखापानीमा निर्माणाधिन भवन अलपत्र परेको छ । पुरानो भवन साघुरो हुँदा कोचिएर बस्नु पर्ने, चरमा वेला वेलामा सर्प भेटिंदा त्रासमा बालबालिका पढ्न बाध्य भएको अभिभावकको गुनासो छ । | अध्यक्ष | | |
| ७ | गाउँपालिकामा अनुदानका कार्यक्रम खुल्दा सूचना नपाउने गुनासो छ । यो गुनासो हात्तिखाल र जोगिढुङ्गाको हो । | अध्यक्ष | | |
| ८ | जोगिढुङ्गामा विद्युत भोल्टेजको समस्याले मोटर नचल्ने भएपनि स्थानीय सरकारले पहल नगरेको गुनासो छ । | वडा अध्यक्ष | | |
| ९ | बाटोले विगारेको गनाहा अमिलढिक कुलो पुन: मर्मतमा ध्यान नदिंदा सिंचाई सुविधाबाट वञ्चित हुनु परेको छ । | अध्यक्ष | | |
| १० | ददेरी क्षेत्रमा फोहोर बढ्दै गएको र व्यवस्थापन गर्न स्थानीय माग । | अध्यक्ष | | |
| ११ | सिमान्तकृत समुदाय( धामी/कुमाल/कुसुण्डा) लक्षित कार्यक्रम कमी भयो । | अध्यक्ष | | |
| १२ | गाउँपालिकामा दलित सशक्तिकरण ऐन समेत लागु भएको सन्दर्भमा अतिविपन्न वर्ग रहेका वादी समुदायलाई दलित सम्बन्धि कार्यक्रमले छुन नसकेको गुनासो छ । दलित उत्थान समितिमा सहभागिता नगराइएको । | अध्यक्ष | | |
| १३ | सौराकोटमा होमस्टे कार्यक्रम सञ्चालन गर्ने गाउँपालिकाको योजना सम्बन्धमा । | अध्यक्ष | | |
| १४ | मुख्य बजार केन्द्रमा सडक बत्ति र सिसि क्यामेलाको मागका सम्बन्धमा । | अध्यक्ष | | |